# चितवन जिल्ला अदालतबाट

## जारी गरिएको सूचना

**सूचना प्रकाशित मिति : २०८०/७/२४**

**विषय : मेलमिलापकर्ताको रुपमा सूचीकृत हुने एवं मेलमिलापकर्ताको सूची अध्यावधिक गर्ने सम्वन्धमा ।**

मेलमिलाप सम्वन्धी नियमावली, २०७० को नियम ५ र ९ तथा अदालत केन्द्रित मेलमिलाप कार्यसञ्चालन निर्देशिका, २०७५ को दफा ६ र १० बमोजिम यस अदालतमा मेलमिलापकर्ताको रुपमा आफ्नो नाम सूचिकृत गराउन चाहने मेलमिलाप सम्वन्धी तालिम प्राप्त गरेका व्यक्ति वा समेलमिलाप परिषदबाट स्वीकृति प्राप्त गरेका मेलमिलाप सम्वन्धी कार्य गर्ने संस्थाले मेलमिलापकर्ताको रुपमा सूचिकृत हुनका लागि र यस अदालतमा यस अघि नै मेलमिलापकर्ताको रुपमा आफ्नो नाम सूचिकृत गराउनु भएका मेलमिलापकर्ताहरुले आफ्नो नाम अध्यावधिक गराउनको लागि यो सूचना प्रकाशित भएको मितिले ३० दिन (मिति २०८० साल मंसिर २४ गते आइतबार) भित्र निम्न कागजातहरु सहित यस अदालतमा निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**सूचिकृत हुने निवेदनसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्ने कागजातहरु:**

- मेलमिलाप परिषदबाट जारी भएको मेलमिलापकर्ताको प्रमाणपत्रको प्रतिलिपी ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी ।
- ब्यक्ति भए मेलमिलापकर्ताको पासपोर्ट साइज फोटो २ थान ।
- मेलमिलापकर्ताको परिचयपत्रको प्रतिलिपि ।
- संस्थाको हकमा
    - संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपी, संस्थाको नियमावली।
    - मेलमिलाप परिषदबाट मेलमिलाप सम्वन्धी कार्य गर्न दिइएको स्वीकृतीको प्रतिलिपी ।

नोट: निवेदन फाराम यस अदालतको सूचना प्रविधि (IT)शाखामा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ ।

..............
२०८०।७।२४

शाखा अधिकृत
चितवन जिल्ला अदालत